छत्रदेव गाउँपालिकाको

आर्थिक वर्ष

२०७९/८०

को

# नीति तथा कार्यक्रम

## छत्रदेव गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

छत्रगञ्ज, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

०५ भाद्र, २०७९

**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भए पश्चातको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित यस छत्रदेव गाउँपालिकाको गरिमामय सभाको पहिलो अधिवेशन तथा छत्रदेव गाउँ सभाको चौंधौ अधिवेशनमा छत्रदेव गाउँपालिकाको अध्यक्षको हैसियतले आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूती गरेको छु ।

२. यस अवसरमा लोकतन्त्र र सामाजिक न्यायको स्थापनाका लागि जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतान्त्रिक आन्दोलनका घाइतेहरु, द्वन्द्व पीडितहरु, वेपत्ता पारिएका नागरिकहरुले पुऱ्याउनु भएको योगदानको उच्च सम्मान गर्दै उहाँहरुका परिवारलाई स्मरण गर्न चाहन्छु । लोकतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलनहरुमा महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण महानुभावहरु प्रति सम्मान प्रकट गर्दछु ।

३. सिमित स्रोत साधन, न्यून जनशक्ति, कमजोर भौतिक पूर्वाधार, कानूनको अभावका बाबजुद आधारभूत संरचनाहरुको जग बसाल्ने, पूर्वाधार निर्माण र विकास निर्माणका महत्वपूर्ण कामहरु अघी बढाउने, कोभिड १९ जस्तो वैश्विक महामारीबाट छत्रदेववासीहरुको जीवन रक्षा गर्ने, सार्वजनिक सेवा प्रवाहलाई चुस्त बनाउने, सुशासन युक्त गाउँपालिका बनाउने कार्यमा गाउँपालिकाले महत्वपूर्ण सफलता हासिल गरेको छ । यी उपलब्धीहरु र स्थानीय सरकारको जग बलियो बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पुर्ण पूर्व जनप्रतिनिधि ज्यूहरुको योगदानको उच्च कदर गर्दछु । आगामी दिनमा समेत निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु ।

४. नागरिकलाई स्थानीय सरकारको अनुभूती दिलाउने गरी काम गर्ने प्रतिबद्धता गर्दै हामीलाई अमूल्य मत दिएर विजयी बनाउनुहुने सम्पूर्ण छत्रदेववासीहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । हामीले निर्वाचनका समयमा जनता सामु गरेका प्रतिबद्धताहरुलाई अक्षरस पालना गर्ने गरी अगाडिको यात्रा तय गर्ने विश्वास दिलाउन चाहन्छु ।

५. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहलाई प्राप्त अधिकारहरुको कार्यान्वयन मार्फत छत्रदेवको विकास र छत्रदेववासीहरुको समुन्नत छत्रदेव निर्माणको चाहनालाई आत्मसात गरी छत्रदेववासी नागरिकहरुलाई छिटो छरितो सेवा प्रदान गर्ने, विकास प्रक्रियालाई दिगो, सन्तुलित र समावेशी बनाउँदै, गर्व गर्न लायक समृद्ध छत्रदेव गाउँपालिका बनाउने उद्देश्य हामीले लिएका छौं ।

**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यू,**

अब म नेपाल सरकारको राष्ट्रिय आकांक्षा, लुम्बिनी प्रदेश सरकारको दीर्घकालीन सोँच, दिगो विकासका लक्ष्यका साथै गाउँपालिकाको दिर्घकालिन सोँच र नागरिकको चाहनालाई ध्यानमा राखी आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

**कृषि तथा पशु-पंक्षी**

१. कृषकको क्षमता अभिवृद्धि गर्न, आवश्यकतामा आधारित प्राविधिक तथा परामर्श सेवा कृषकको खेतबारी र गोठ सम्म पुगेर प्रदान गर्न एक वडा एक प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

२. सम्भाव्यताका आधारमा व्यावसायिक कागती खेती, व्यावसायिक अकबरे र अन्य जातका खुर्सानी खेती, तरकारी खेती, मकै खेती, तोरी खेती, धान खेती, बाख्रापालनको पकेट क्षेत्रहरुको निर्धारण गरी एक वडा, एक उत्पादन कार्यक्रम मार्फत व्यावसायिक उत्पादनमा जोड दिइनेछ । सहकारी मार्फत सामुहिक खेती प्रणालीमा जोड दिइनेछ ।

३ आधुनिक कृषि प्रविधि प्रसार गर्ने सशक्त माध्यमको रुपमा रहेका कृषक समूहलाई कृषक पाठशालाको रुप दिई तिनीहरूकै माध्यमबाट आइ.पि.एम. (Integrated Pest Management) प्याकेज कार्यक्रम, तरिका प्रदर्शन तथा उत्पादन प्रदर्शन कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण र जनस्वास्थ्यमा बाली संरक्षणमा प्रयोग हुने विषादीको प्रतिकूल असरलाई न्यून पार्न एकीकृत शत्रुजीव व्यवस्थापन कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ ।

४. माटोमा रहेका विरुवाको खाद्यतत्व पहिचान, सम्बद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्ति व्यवस्थापन, विरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने उद्देश्यले माटो परिक्षण शिविर संचालन गरिनेछ ।

५. लोप हुन लागेका स्थानीय वा रैथाने बालीहरुको संरक्षणमा सघाउ पुऱ्याउन रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

६. संघीय सरकारबाट सुरु गरिएको किसान सूचीकरण कार्यक्रमलाई अभियानको रुपमा संचालन गरी किसान परिचय पत्र वितरण गरिनेछ ।

७ कृषिमा आधुनिकीकरण, विविधिकरण, यान्त्रिकरण तथा व्यावसायीकरण गर्दै परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक रुपमा विकास गर्न कृषि औजार तथा सामाग्रीहरु अनुदानमा उपलब्ध गराइनेछ ।

८. जमिनलाई उत्पादन र रोजगारीको आधारको रुपमा लिइ खेति योग्य जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्ने नीति लिईनेछ ।

९. कुखुरा पालक, गाई भैँसी पालक, बाख्रा भेडा पालक, बंगुर पालक कृषकहरुलाई खोर सुधार, गोठ सुधार लगायत अन्य आवश्यक सामाग्रीहरु उपलब्ध गराइनेछ । मासु पसल र डेरी सुधार कार्यक्रमलाई निरन्तरता दिईने छ । दुध उत्पादक किसानहरुलाई प्रोत्साहन गर्न दुध उत्पादनमा अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ । सहकारी मार्फत बिक्रि वितरण गर्ने रासायनिक मलमा ढुवानी अनुदान दिने व्यवस्था मिलाइनेछ । पशुपालक कृषकलाई निःशुल्क पशु औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइनेछ । भेटेरीनरी ल्याब सञ्चालनमा ल्याइनेछ ।

१०. **मेरो पसिनाः मेरै बारीमा** अभियान सञ्चालन गरी वैदेशिक रोजगारबाट फर्केका युवा र विभिन्न कारणले वैदेशिक रोजगारीमा जान बाध्य युवाहरुलाई युवा लक्षित व्यावसायिक कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

११. कृषि तथा पशुपालन व्यवसायमा युवाहरुलाई आकर्षित गरी उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न नयाँ व्यवसाय संचालन गर्न चाहने कृषकहरुलाई नवप्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१२. उन्नत जातका हिउँदे एवं वर्षे घाँसबाली र डाले घाँसका बिऊ तथा बेर्ना वितरण गरि घाँसमा आधारित पशुपालनमा जोड दिईनेछ । सहकारी मार्फत फलफुलका विरुवा वितरण गरिनेछ ।

१३ प्राकृतिक गर्भाधानलाई प्रवर्द्धन गर्न उन्नत जातको रागो वितरण गरिनेछ ।

१४. माछा पालन गर्न संभावना बोकेका क्षेत्रहरुमा माछा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१५. सामुदायिक वन उपभोक्ता समितिहरु मार्फत सामुदायिक वनमा जडिवुटी खेति प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

१६. कृषकको लगानी सुरक्षित गर्न, कृषिमा भएको लगानीको जोखिम न्यूनीकरण गर्न कृषि बालि बीमा तथा पशु बीमा गर्न कृषकहरुलाई प्रोत्साहित गरिनेछ । आकस्मिक रुपमा बाली वस्तुहरुमा देखा पर्ने रोग कीराहरुबाट बाली वस्तुलाई संरक्षण गर्नका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१७ कृषकका उत्पादनहरुलाई बजार सम्म पुऱ्याउन ढुवानीमा अनुदान दिने व्यवस्था मिलाइनेछ । कृषकको बजार पहुँचमा सहजीकरण गरी विचौलियाहरुलाई निरुत्साहित गरिनेछ ।

१८· गाउँपालिकालाई अण्डा, मासु र दुधमा आत्मनिर्भर गाउँपालिका बनाई निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१९· **"पशुपंक्षीको नश्ल सुधार: आम्दानी र रोजगारीको आधार"** अभियान मार्फत पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई निःशुल्क र प्रभाकारी बनाइनेछ।

२०· बाँदर र बँदेल लगायतका जंगली जनावरबाट हुने वालीनालीको क्षति न्यूनीकरण गर्न गाउँपालिकाको आर्थिक र प्राविधिक सहयोगमा हेरालु तथा वन्यजन्तु नियन्त्रणका अन्य वैकल्पिक व्यवस्था गरिनेछ।

२१· उत्पादकत्व वृद्धिका लागि उन्नत वीउको प्रयोगलाई बढावा दिन उन्नत वीउको प्रयोगमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

२२· **स्वस्थ जीवनका लागि स्वस्थ भान्साघर निर्माण** अभियान सञ्चालन गरी एक घर एक करेसाबारी निर्माणमा जोड दिइनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**उद्योग तथा वाणिज्य**

२३ उद्योग तथा वाणिज्य व्यवसायको दर्ता प्रक्रियालाई सरलीकृत गर्न आ.व. २०७९।८० मा ८ वटै वडा कार्यालयहरुमा घुम्ती शिविर संचालन गरिनेछ।

२४· उपभोक्ताको हकहित संरक्षण गर्न सचेतनामुलक कार्यक्रम संचालन गर्ने र कालाबजारीलाई नियन्त्रण गर्न आ.व. ०७९।८० मा बजार अनुगमन कार्यलाई थप तिव्रता दिई हालसम्म दर्ता प्रक्रियामा नआएका संचालित सबै उद्योगी तथा व्यसायीहरुलाई दर्ता प्रक्रियामा ल्याइनुका साथै व्यवसाय कर वडा कार्यालयहरुबाटै संकलन गर्ने व्यवस्था मिलाइने छ।

२५· उत्कृष्ट उद्योग/उद्यमीहरुलाई उद्योग दिवसका अवसरमा विशेष कार्यक्रमको आयोजना गरी सम्मान गरिने छ।

२६· यस गाउँपालिका वडा नं. ४, कोल्दी गोलीडाँडामा औद्योगिक ग्रामको यसै आ.व. मा निर्माण कार्य प्रारम्भ गरिनेछ। साना तथा मझौला उद्योगहरुको स्थापनामा उत्प्रेरणा प्रदान गरिनेछ।

**गरिवी निवारण कार्यक्रम**

२७ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई थप प्रभावकारी बनाई एक व्यक्ति एक उद्यम नीति अवलम्बन गरी नयाँ उद्यमी श्रृजना तर्फ ८० जना, स्तरोन्नती तर्फ ४८ जना र प्रविधि हस्तान्तरण तर्फ १० जनालाई प्रविधि सहयोग गरिने छ। उद्यमीहरुको माग अनुसार कोशेली घरको निर्माण तर्फ ध्यान दिइने छ।

**सहकारी**

२८· सहकारी मार्फत उद्यमशीलता विकासमा जोड दिइनेछ। सहकारीहरुलाई बचत र ऋण परिचालनमा भन्दा उत्पादनमूलक कार्यमा लाग्न प्रोत्साहित गरिनेछ। उत्पादनमूलक सहकारीहरुलाई प्रवर्द्धन गरिनेछ।

२९· सहकारीहरुलाई आवश्यक तालिम तथा प्रविधिहरु उपलब्ध गराइनेछ। सबै सहकारीहरुलाई COPOMIS मा आबद्ध गरिनेछ।

**पर्यटन**

३०· पर्यटन मार्फत रोजगारी सिर्जना र आय आर्जनमा जोड दिइनेछ। छत्रदेवको पहिचान तथा महत्व झल्काउने गीत निर्माण गरिनेछ। गाउँपालिकाको पहिचान झल्काउने सामाग्री उत्पादन गर्न उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।

३१ यस गाउँपालिकाको छत्रदेव रंगशाला, मधुरा फुलबारी खेल मैदान, दामपोखरी खेल मैदानको निर्माण सम्पन्न गरी खेल पर्यटनको विकास गरिनेछ।

३२ यस गाउँपालिकाको नामाकरण भएको ऐतिहासिक छत्र महाराजको मन्दिर, जंग बहादुरको न्वारन भएको बल्कोटमा रहेको बल्कोट पौवा, ठूलापोखराको मालिका मन्दिर, चिदिकामा रहेको ऐतिहासिक कालिका मन्दिर, राधाकृष्ण मन्दिर, भगवतीमा रहेको ताराखसे मन्दिर, माझकोट मन्दिर, विसौना मन्दिर, केरुङ्गामा रहेको कालिका भगवती महामति मन्दिर, सिद्धबाबा मन्दिर, बल्कोट दुन्दुकमा रहेको आलमदेवी मन्दिर, राम मन्दिर, अर्घातोषमा रहेको कालिका मन्दिर, बल्कोट र चिदिकामा रहेका मस्जिदहरु लगायत यस गाउँपालिका भित्र रहेका धर्म, जात, जाति, भाषा, संस्कृती, कला, संगीत, भेषभुषाहरुको पहिचान तथा प्रचार-प्रसार गरी धार्मिक तथा साँस्कृतिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याइनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**श्रम, रोजगार तथा सीप विकास**

३३ **"न्यूनतम रोजगार: नागरिकको अधिकार"** को नीति अनुरुप रोजगारीको हक सम्बन्धी ऐन तथा नियमावली एवम् प्रधानमन्त्री रोजगार कार्यक्रमले परिभाषित गरे बमोजिम बेरोजगार व्यक्तिको अधिकार, आवेदन प्रकृया तथा रोजगारीमा संलग्न गराउने प्रकृयाका सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३४. **"स्थानीय सरकार, रोजगारीको आधार"** भन्ने मूल नारालाई आत्मसात गर्दै संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्रबाट एकिकृत रोजगारमूलक सेवा प्रदान गर्ने व्यवस्था मिलाइने छ। सीप सिक्न चाहाने बेरोजगार व्यक्तिहरुलाई स्थानीय र प्रदेश सरकारको सहकार्यमा सिपमूलक तालिम सञ्चालन गरिनेछ।

३५. स्थानीय तहमा आन्तरिक रोजगारी सिर्जना गर्न र साझेदारी विकास निर्माण कार्यमा सहभागी हुन प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमूलक क्षेत्र सँग जोडी कार्यक्रम सञ्चालन गर्न **"आफ्नै पौरख, आफ्नै गौरव"** कार्यक्रम सञ्चालन गरिनेछ।

३६. स्थानीयस्तरमा आय आर्जनको लागि प्रशस्त साधन स्रोत हुदाँहुदै पनि परिचालन व्यवस्थित हुन नसक्दा बसाई-सराई तिव्र रुपमा हुदै गइरहेको अवस्थालाई मध्यनजर गर्दै **"श्रमको सम्मान, राष्ट्रको अभियान"** अन्तर्गत रोजगारी सृजना, उद्यमशिलता विकास र आय आर्जनमा जोड दिने कार्यक्रमहरु सञ्चालन गरी जिविकोपार्जन गर्न सहजता प्रदान गरिनेछ। वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुको सिप परिक्षण गरी सिप सँग सम्बन्धित पेशा व्यवसायमा आवद्ध गराउन कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३७ **"बेरोजगारलाई रोजगार: साथमा छ स्थानीय सरकार"** भन्ने नीति अनुरुप बेरोजगार व्यक्तिहरुको तथ्याङ्क संकलनलाई थप प्रभावकारी र व्यवस्थित बनाउदै युवा शक्ति, लक्षित वर्ग र आर्थिक रुपमा विपन्न परिवारलाई सिपमूलक तालिम सञ्चालन गरी स्वरोजगार बनाई जीवनस्तर सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

३८. बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसर उपलब्ध गराउन सार्वजनिक, निजी र सहकारी क्षेत्रमा उपलब्ध रोजगारीका अवसर सम्बन्धी सिप विकास तथा रोजगारीको सिर्जना गरिनेछ।



CamScanner

**जन स्वास्थ्य**

३९ सबै नागरिकले आधारभूत स्वास्थ्य सेवा सहज र निःशुल्क रुपमा पाउने अवस्था सुनिश्चित गरिनेछ। **छत्रदेवको प्रतिबद्धता, स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँचको सुनिश्चितता** भन्ने नारालाई आत्मसात गर्दै स्वास्थ्य सेवाको पहुँचका दृष्टिले पछाडी परेका तथा जन घनत्व बढि भएका वडा नं. ७ को मडेलचौर, वडा नं. ८ को नेटाखर्क तथा वडा नं. ४ को धरमपानीमा क्रमशः सामुदायिक स्वास्थ्य ईकाइ स्थापना गरी सञ्चालन गर्ने कार्यलाई प्राथमिकता साथ अघि बढाइनेछ। विपन्न नागरिकको स्वास्थ्य उपचारमा विशेष ध्यान दिइनेछ।

४० **No Commodities, No program** भन्ने धारणालाई आत्मसात गरी स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने औषधी, स्वास्थ्य सामग्रीहरु, HMIS Tools तथा मसलन्द सामग्रीहरुको आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराइनेछ।

४१. **शुन्य घरमा प्रसूती**को नीति अवलम्बन गर्दै क्रमिक रुपमा **वडाहरुलाई सून्य घरमा प्रसूती वडाको रुपमा घोषणा गर्दै गाउँपालिकालाई शून्य घरमा प्रसूति गाउँपालिका**को रुपमा अघी बढाइने छ। गाउँपालिका भित्रका वर्थिङ सेन्टरमा प्रसूती हुन आउने **गर्भवती महिलालाई निःशुल्क एम्बुलेन्स** तथा **जटिलता युक्त प्रसूति हुनु पर्ने गर्भवती महिलालाई नजिकको CEONC केन्द्र सम्म जानका लागि यातायात खर्चको व्यवस्था** मिलाईनेछ। **स्वास्थ्यकर्मीबाट घरमै सुत्केरी तथा नवशिशुको जाँच भेट गर्ने कार्यक्रम**लाई निरन्तरता दिइनेछ। **ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ, यसै गरी कुपोषणको रोकथाम तथा नियन्त्रणका लागि **पोषण मैत्री स्वास्थ्य संस्था घोषणा** गर्दै क्रमिक रुपमा गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थालाई पोषण मैत्री स्वास्थ्य संस्थाको रुपमा अघि बढाइने छ।

४२. निर्माणाधिन आधारभूत अस्पतालको निर्माण कार्य समयमै सम्पन्न गराई सुविधा सम्पन्न संरचनाबाट सेवा प्रदान गर्ने वातावरण तयार गरिने छ। सबै **स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन**लाई निरन्तरता दिंदै थप प्रभावकारी बनाइने छ। स्वास्थ्य संस्थाबाट प्रदान हुने सेवाको गुणस्तरीयतालाई सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरुलाई थप सुदृढ बनाउँदै लगिनेछ।

४३ **स्वस्थकर आहार तथा व्यवहार, स्वास्थ्यको आधार** भन्ने मूलमन्त्र लिई नसर्ने रोगहरुको रोकथाम तथा नियन्त्रणका क्रियाकलापहरुलाई थप प्रभावकारी बनाइने छ। समुदायमा लुकेर रहेका, विभिन्न कारणले अस्पताल सम्म जान नसकेका संकास्पद नसर्ने रोगका विरामीहरुको स्वास्थ्य परीक्षण गरी समयमै रोग पत्ता लगाई उपचारमा आवद्ध गर्दै स्वास्थ्य जोखिमलाई कम गर्न **गाउँपालिकामा समय समयमा विशेषज्ञ सहितको स्वास्थ्य शिविर** सञ्चालन गरिनेछ।

४४. स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा स्वास्थ्यकर्मीको मनोवल वृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षा सुनिश्चित गरिनेछ। मौजुदा जनशक्तिको दक्षता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ। स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवाका कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउँदै सबै स्वास्थ्य संस्थाबाट तथ्याङ्क प्रविष्टि गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

४५. बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा सञ्चालित स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउनुको साथै विगत वर्ष देखि सुरु गरिएको **सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको निःशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिंदै गाउँपालिका भित्रका विपन्न नागरिकहरुका लागि समेत निःशुल्क स्वास्थ्य विमा**को व्यवस्था गर्न आवश्यक पहल गरिनेछ।

४६. सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाले प्रतिकारात्मक तथा प्रवर्द्धनात्मक सेवामा पुऱ्याएको योगदानको उच्च मूल्याङ्कन गर्दै सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाको मनोबल बढाउन विगत देखि उपलब्ध गराउँदै आएका **यातायात तथा खाजा, संचार खर्च, निःशुल्क स्वास्थ्य विमा, कामको आधारमा सम्मान तथा पुरस्कार** प्रदान जस्ता कार्यहरुलाई निरन्तरता प्रदान गर्दै समय सापेक्ष बनाउँदै लगिनेछ।

४७ **अति असक्त अपाङ्ग तथा ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुका लागि** प्रदेश सरकार संगको समेत समन्वयमा **चौमासिक रुपमा स्वास्थ्यकर्मीहरु द्वारा घरमै स्वास्थ्य सेवा** उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

४८. विभिन्न खालका नसर्ने रोगहरु तथा कोभिड-१९ लगायतका संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रण सम्बन्धी विषयमा **विद्यालय, आमा समूह तथा स्थानीय तहमा स्वास्थ्यका लागि सामाजिक व्यवहार प्रवर्द्धन अभियान सञ्चालन** गरी स्वास्थ्य शिक्षा प्रदान गरी स्वस्थ्यकर व्यवहार अवलम्बन गर्न प्रेरित गरिनेछ। संक्रामक रोगको समयमै पहिचान गरी रोकथाम तथा नियन्त्रणका उपायहरु अवलम्बन गर्न नागरिकहरुलाई सुसूचित गर्दै संक्रमण रोक्ने र धनजनको क्षतिलाई न्यूनीकरण गरिनेछ। महामारी तथा संक्रामक रोगहरुको पहिचान, नियन्त्रण तथा उपचारका लागि स्वास्थ्यकर्मी सहितको Rapid Response Team तयारी अवस्थामा राखि परिचालन गरिनेछ।

४९. **विद्यालयमा शैक्षिक शत्रको शुरुवातमा विद्यार्थीहरुको स्वास्थ्य परीक्षणको व्यवस्था** गरी समस्या युक्त विद्यार्थीहरुको समयमै पहिचान गरी उनीहरुको स्वास्थ्य थप विग्रनबाट जोगाइनेछ, **परजीवि नियन्त्रणका लागि ६/६ महिनामा जुकाको औषधी वितरण गर्ने** कार्यलाई प्रभावकारी बनाइनेछ।

५०. **उपाध्यक्ष मातृशिशु स्वास्थ्य तथा पोषण कार्यक्रम**लाई थप प्रभावकारी र सेवाग्राही मैत्री बनाइ आमा र **बालबालिकाको** स्वास्थ्य प्रवर्द्धनमा जोड दिइनेछ। स्वास्थ्य आमा समूहलाई थप प्रभावकारी बनाउन उपाध्यक्ष स्वास्थ्य आमा समूहको बैठकमा सहभागी भई समुदाय स्तरका स्वास्थ्य समस्याहरु पत्ता लगाई समाधानका उपायहरु खोजी गर्न **स्वास्थ्य आमासमूहसंग उपाध्यक्ष कार्यक्रम**लाई थप प्रभावकारी बनाइनेछ।

५१. आयुर्वेद र प्राकृतिक चिकित्सा पद्धती लाई प्रवर्द्धन गर्न नागरिक आरोग्य केन्द्रबाट प्रदान हुने सेवालाई थप प्रभावकारी वनाइनेछ, **नागरिक आरोग्य केन्द्रको भवन निर्माण** गरी गुणस्तरिय सेवाको सुनिश्चितताको लागि पहल गरिनेछ।

५२. **सुरक्षित सूईको नीति** अवलम्बन गरी **खोज र खोप कार्यक्रम** सञ्चालन गर्दै **गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता** कायम गरिनेछ, खोप सेवालाई सहज र सुरक्षित तरिकाले प्रदान गर्न आफ्नै खोप केन्द्र नभएका स्थानमा नयाँ खोप केन्द्र निर्माण तथा व्यवस्थापन कार्य अगाडी बढाईनेछ। कोभिड-१९ विरुद्धको खोप सबै लक्षित नागरिकलाई उपलब्ध गराई पूर्ण खोप गाउँपालिका बनाउने प्रक्रिया अघि बढेको र यसलाई पूर्णता दिंदै गाउँपालिकालाई **पूर्ण खोप गाउँपालिका घोषणा** गरिनेछ।

५३. बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा आकस्मिक सेवा सञ्चालन गरिनेछ। बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रमा गाउँपालिकाबाट एकजना एम.वि.वि.एस. डाक्टरको व्यवस्था गरिनेछ।

५४. गाउँपालिका भित्र प्राथमिक आँखा उपचार केन्द्र सञ्चालनमा ल्याइनेछ।

५५. एच. आइ. भि. संक्रमितहरुलाई मासिक पोषण भत्ता उपलब्ध गराउने व्यवस्था गरिनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**शिक्षा तथा खेलकुद**

५६. आधारभूत र माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरिनेछ । शिक्षक विद्यार्थी अनुपात तथा भौगोलिक अवस्थालाई समेत ध्यान दिई शिक्षक दरबन्दी मिलान र विद्यालय समायोजनको कार्यलाई अगाडी बढाइने छ। आवश्यकताका आधारमा बालविकास केन्द्र सञ्चालनमा ल्याइनेछ । समायोजनमा जाने विद्यालयहरुलाई प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। अघिल्लो वर्ष सरस्वती आधारभूत विद्यालय र चौवाह आधारभूत विद्यालय समायोजन भई बनेको सरस्वती आधारभूत विद्यालयका लागि जग्गा प्राप्ति तथा भौतिक पूर्वाधार विकास गरिनेछ।

५७ **"गुणस्तरीय शिक्षा: हामी सबैको इच्छा"** भन्ने मान्यतालाई ध्यान दिई गुणस्तरका सम्पूर्ण सूचकहरुको विश्लेषण गरी शिक्षालाई गुणस्तरीय बनाउन "गुणस्तर सुधार अभियान" सुरु गरिनेछ।

५८. अंग्रेजी माध्यमको शिक्षामा देखिएको झुकावलाई कार्यान्वयन गर्न चालु शैक्षिक शत्रमा कक्षा ५ मा लागू गरिएकोमा क्रमश: कक्षा वृद्धि गर्दै लगिनेछ। अंग्रेजी माध्यमलाई प्रभावकारी बनाउन शिक्षकलाई तालिम प्रदान गरिनेछ। बालविकासबाट कक्षा १ मा जाने विद्यार्थीहरुको सिकाइको स्तरमा देखिने कमी हटाउन सञ्चालनमा रहेको एल के जी कक्षा निरन्तर गरिनेछ। कक्षा नर्सरी, एल. के.जी. मा अङ्ग्रेजी माध्यमको नि:शूल्क पाठ्यपुस्तक वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५९. प्रविधिमैत्री शिक्षालाई जोड दिई विद्यालयहरुको व्यवस्थापन पक्षलाई थप चुस्त, दुरुस्त बनाउन SMART Class मा जोड दिइनेछ। विद्यालयमा सूचना प्रविधिका साधनहरुको उपलब्धतामा जोड दिइनेछ।

६०. शिक्षकहरुलाई आफ्नो कार्यसम्पादनमा प्रभावकारीता ल्याउन, सिकाई सहजिकरण क्रियाकलापलाई थप प्रभावकारी बनाउन शिक्षक पेशागत विकासका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। साथै शैक्षिक उपलब्धिको आधारमा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कारको व्यवस्था मिलाइनेछ।

६१. सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग कार्य सम्पादन सम्झौता गरिनेछ । प्रधानध्यापकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक सीप, तालिम तथा उत्प्रेरणा प्रदान गरिनेछ।

६२. **"प्राविधिक शिक्षा आजको आवश्यकता"** भन्ने कुरालाई व्यवहारमा रुपान्तरण गर्न प्रत्येक वर्ष एग्रो फरेष्ट्री पोलीटेक्निक इन्ष्टिच्युट मथुरामा कृषि र पशु विज्ञान अध्ययन गर्ने गाउँपालिका भित्रका ४/४ जना विद्यार्थीलाई पूर्ण छात्रवृत्ती उपलब्ध गराइनेछ। श्री सरस्वती माध्यमिक विद्यालय, छत्रदेव-७ मा अन्य विद्यालयबाट कक्षा ९ मा सिभिल इन्जिनियरिङ अध्ययन गर्न आउने विद्यार्थीहरुलाई छात्रवृत्ती उपलब्ध गराइनेछ।

६३ **"आजका विद्यार्थी भोलिका कर्णधार"** भन्ने मान्यतालाई ध्यान दिदै विद्यार्थीहरुलाई भविष्यमा असल र सफल नागरिकको रुपमा विकास गर्न विभिन्न क्षेत्रका उदाहरणीय व्यक्तित्वहरुसँग विद्यार्थीहरुलाई प्रत्यक्ष साक्षात्कार गराई विद्यार्थीहरुलाई भोलिका सभ्य नागरिकको रुपमा विकास गर्न प्रयत्न गरिनेछ ।

६४. विद्यालयको आर्थिक प्रशासनलाई चुस्त बनाउन आर्थिक प्रशासनसँग संलग्न कर्मचारीलाई लेखा व्यवस्थापन सम्बन्धि तालिम तथा उत्प्रेरणा प्रदान गरिनेछ।

६५. विद्यालयका शिक्षकहरुलाई कम्प्यूटर तथा IEMIS तालिमको व्यवस्था गरि शिक्षण सिकाई सहजिकरण प्रक्रियालाई प्रविधिमैत्रि बनाउनुको साथै विद्यालयले IEMIS भर्ने कार्यलाई थप व्यवस्थित बनाउदै लगिनेछ।

छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष



CamScanner

६६. करार, राहत तथा स्थानीय स्रोतबाट तलब भत्ता पाउने गरी विद्यालयमा कार्यरत बाल विकासका सहजकर्ता, शिक्षक, कर्मचारीहरुलाई अवकाश हुदा एकमुष्ट उपादान स्वरुप रकम उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६७ **"बालबालिकालाई विद्यालय पठाऔं, सिकाऔं र टिकाऔं, बिकाऔं"** अभियानलाई निरन्तरता दिइनेछ । विद्यालय जाने उमेर समुहका सबै बालबालिकालाई विद्यालयमा ल्याइनेछ । विद्यालय छोड्ने दर घटाउन शिक्षक र अभिभावक अन्तर्कियामा जोड दिइनेछ । गुणस्तरीय दिवा खाजा, नि:शुल्क सेनिटरी प्याड, नि:शुल्क पाठ्यपुस्तक कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

६८. बालबालिकाको सर्वाङ्गिण विकासका लागि बालविकास केन्द्रहरुलाई बालमैत्री बनाइनेछ । बालविकास केन्द्रहरुमा आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । बालविकासका सहजकर्ताहरुलाई मन्टेश्वरी तालिम प्रदान गरिनेछ ।

६९. विद्यालय शिक्षालाई थप गुणस्तरीय बनाउन, विद्यालयका विभिन्न पक्षहरुमा देखिएका समस्याहरुलाई समाधान गर्न विद्यालय अनुगमन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइने छ । अनुगमनको कार्यमा सबै सकोकारवालाहरुलाई समेत थप जिम्मेवारी बनाइने छ । विद्यालय तहमा अनुगमनमा सहजीकरण गर्न पहिलो चरणमा कक्षा १-१२ सञ्चालित विद्यालयका कक्षा ९-१२ का कक्षा कोठामा CCTV जडान गरी अनुगमन गर्ने व्यवस्था शुरुवात गरिनेछ ।

७०. **"स्वस्थ शरीरमा स्वस्थ मस्तिष्क"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै विद्यार्थी तथा शिक्षकहरुमा सकारात्मक ज्ञान, सिप र धारणाको विकाश गर्न **"एक विद्यालय एक योग शिक्षक कार्यक्रम"** लाई निरन्तरता दिइने छ ।

७१. विद्यार्थीहरुको सर्वाङ्गिण विकासका लागि समय-समयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

७२. शिक्षालाई थप सुधार गर्दै समयको माग अनुरुपको शिक्षाको विकास गर्न विद्यालयहरुमा बालमैत्री, अपाङ्गमैत्री संरचनाहरु निर्माण गर्न पहल गरिनेछ ।

७३. तहगतरुपमा चरणवद्ध स्थानीय पाठ्यपुस्तकको निर्माण गरी सम्पूर्ण सामुदायिक र संस्थागत विद्यालयहरुका विद्यार्थीहरुलाई नि:शुल्क वितरण गरिनेछ ।

७४. बालविकास सहजकर्ता, विद्यालय सहयोगी, विद्यालय कर्मचारी, सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुको न्यूनतम तलबमान कायम गरिनुका साथै थप प्रोत्साहन रकम उपलब्ध गराइने छ ।

७५. धार्मिक तथा परम्परागत विद्यालय, विशेष कक्षा सञ्चालित विद्यालयहरुलाई प्रोत्साहन स्वरुप रकम उपलब्ध गराई धार्मिक शिक्षाको संरक्षण गरिनुका साथै विशेष शिक्षालाई थप प्रभावकारी बनाईने छ ।

७६. समुदायमा आधारीत बालविकाश केन्द्र, सामुदायिक सिकाई केन्द्रहरुलाई व्यवस्थापन अनुदान रकम उपलब्ध गराइ सञ्चालनमा थप प्रभावकारीता ल्याइने छ ।

७७ **"बालमैत्री शिक्षा: बाल अधिकारको सुनिश्चितता"** भन्ने कुरालाई ख्याल गरी बालविकस केन्द्रहरुमा मागमा आधारित खेलकुद तथा शैक्षिक सामाग्रीहरु प्रदान गरी बाल शिक्षालाई थप प्रवर्द्धन गरिनेछ ।

७८. गाउँपालिकाको शैक्षिक उपलब्धि, विद्यालय विवरण, विद्यालयगत शिक्षक विवरण, विद्यार्थी संख्या, दरबन्दी संख्या लगायत विभिन्न शैक्षिक पक्षहरु समावेश गरी शैक्षिक झलक निर्माण गरिनेछ ।

७९ गाउँपालिकाका विद्यालयहरुमा सञ्चालन हुने त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षाहरुलाई प्रभावकारी, विश्वसनीय, वस्तुनिष्ठ र वैध बनाउन गाउँपालिकाको कक्षा ८ परीक्षा समिति, शैक्षिक मूल्याङ्कन परिषद्लाई थप जिम्मेवारी बनाइनुका साथै विभिन्न परीक्षाहरुको प्रभावकारी ढङ्गबाट अनुगमन गरिनेछ।

८० गाउँपालिका भित्रका सरकारी सेवामा प्रवेश गर्न चाहने व्यक्तिहरुलाई नि:शुल्क लोकसेवा आयोग, शिक्षक सेवा आयोगका कक्षाहरु सञ्चालन गरी सरकारी सेवामा पहुँच वृद्धि गर्न पहल गरिनेछ।

८१· गाउँपालिका भित्र सञ्चालित श्री सुर्यथुम बहुमुखी क्याम्पसको सञ्चालनलाई थप सहज, प्रभावकारी र व्यवस्थित बनाई उच्च शिक्षामा विद्यार्थीको पहुँच बढाउन आवश्यक सहयोग गरिनेछ।

८२ राष्ट्रपति शैक्षिक सुधार, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम लगायतका कार्यक्रमहरु तथा संघीय सरकार र प्रदेश सरकारको अनुदान एवं स्थानीय तहको बजेटबाट विद्यालयमा आवश्यकता अनुसार कक्षा कोठा, शौचालय, तारबार, ICT Lab, विज्ञान प्रयोगशाला, पुस्तकालयको प्रबन्ध गरिनेछ।

८३ संघीय सरकारको विशेष अनुदानमा निर्माणाधीन सरस्वती माध्यमिक विद्यालय सूर्यथुमको भवन निर्माण यस वर्ष सम्पन्न गरिनेछ। नेपाल राष्ट्रिय माध्यमिक विद्यालय ठुलापोखराको भवन निर्माण प्रारम्भ गरिनेछ।

**युवा तथा खेलकुद**

८४· युवा उद्यमशीलताका लागि व्यावसायिक तथा सीपमुलक तालिम उपलब्ध गराइ स्वरोजगारी सृजनामा जोड दिइनेछ।

८५· युवाहरुमा खेलको माध्यमबाट स्वस्थ, अनुशासित जीवनशैली विताउने तथा सभ्य समाज निर्माण गर्ने र सामुहिक भावनाको विकास गराउने कार्यमा जोड दिइनेछ।

८६· अध्यक्ष कप भलिबल रनिङ शिल्ड प्रतियोगिता, पालिका तथा वडास्तरीय क्रिकेट प्रतियोगिता, राष्ट्रपति रनिङशिल्ड प्रतियोगितालाई निरन्तरता दिइनेछ। युवा क्लबहरुलाई खेलकुद सामाग्रीहरु उपलब्ध गराइनेछ।

८७ छत्रदेव रंगशालाको पारापेट निर्माण कार्य सम्पन्न गरीनेछ। वडा स्तरमा रहेका अन्य खेल मैदानहरुको स्तरोन्नती गरिनेछ।

८८· विकासका हरेक क्रियाकलापहरुमा युवाहरुको अर्थपूर्ण सहभागितामा जोड दिइनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण**

८९· लैंगिक तथा सामाजिक समावेशीकरण नीति अनुरुप महिलाहरुको शसक्तिकरण, नेतृत्व विकास, क्षमता विकास, रोजगारी सिर्जना, उद्यमशिलतामा जोड दिइनेछ।

९०· ६० वर्ष पुगेका सबै ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ। ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुले प्राप्त गर्ने अधिकारहरुको सुनिश्चितताका लागि सम्बद्ध पक्षहरुसँग समन्वय र सहकार्य गरिनेछ।

९१· **"ज्येष्ठ नागरिक अनुभवका खानी, बसालौं सम्मान गर्ने बानी"** भन्ने आदर्श वाक्यलाई आत्मसाथ गर्दै उहाँहरुले समाजमा गरेको योगदानको उच्च मूल्याङ्कन गर्दै ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। ज्येष्ठ नागरिकको अनुभव तथा भावना साटासाट गर्ने स्थलका रुपमा बल्कोट पौवामा **"ज्येष्ठ नागरिक दिवा मिलन केन्द्र"** सञ्चालन गरिनेछ।

कार्यपालिकाको कार्यालय
छत्रगञ्ज, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

फरक क्षमता भएका व्यक्तिहरुलाई सहायक सामाग्रीहरुको वितरण तथा त्यस्ता व्यक्तिहरुको सीप विकास र
९२· स्वरोजगारीमा जोड दिइनेछ ।
छुवाछुत र जातिय विभेदलाई निरुत्साहित गर्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । दलित तथा जनजाती
९३· समुदायले परम्परा देखि गर्दै आएका पेशालाई प्रविधि हस्तान्तरण गरी आधुनिक र व्यावसायिक बनाउन
सहजीकरण गरिनेछ ।
लैङ्गिक हिंसा न्यूनीकरणका लागि सचेतना कार्यक्रम तथा पीडितलाई कानूनी सहायता उपलब्ध गराइनेछ ।
९४· लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको उद्धार, राहत तथा पुर्नस्थापनाका लागि स्थापित लैङ्गिक हिंसा निवारण
कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।
बालबालिकाको हकहित संरक्षणका साथै सर्वाङ्गिण विकासका लागि हरेक चरणमा अर्थपूर्ण सहभागिताको
९५· सुनिश्चितता गरिने छ । बालबालिकाहरुको प्रतिभा प्रष्फुटनका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ ।
बाल विकास, बाल सहभागिता, बाल बचाउ, बाल संरक्षणमा जोड दिई बाल अधिकारको पूर्ण कार्यान्वयन गर्दै
बाल मैत्री गाउँपालिका कार्यान्वयन गरिनेछ ।
महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण, दुर्व्यवहार र भेदभावको
९६· अन्त्य गर्दै लैङ्गिक उत्तरदायी शासन प्रणालीलाई संस्थागत गर्ने नीति कार्यान्वयन गरिनेछ ।
हिंसा पीडित महिला, बालबालिका तथा अप्ठ्यारोमा परेका नागरिकलाई सहयोग गर्ने, मानवीय संवेदनायुक्त
९७ समाजको विकास गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
सामाजिक विकृति, विसंगति, कुरीति, अन्धविश्वास, कमजोर आत्मबल विरुद्ध सचेतना कार्यक्रमका साथै
९८· मनोपरामर्श सेवालाई समेत समुदाय स्तरमा पुऱ्याउन सहयोग गरिनेछ ।
लक्षित वर्गको आर्थिक सामाजिक तथा मानवीय पक्षमा सुधार एवम समतामूलक समाजको विकास गरी सबैलाई
९९· आत्मसम्मान पूर्वक जीवन जीउने वातावरणको सिर्जना गरिनेछ ।
आर्थिक विपन्नताका कारण विद्यालय छोड्न बाध्य बालबालिकालाई शिक्षाको मूल प्रवाहमा समाहित गर्नको
१००· लागि प्रभावकारी कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
महिलाद्वारा सञ्चालित महिला सहकारी संस्थाहरुलाई संस्थागत विकास तथा क्षमता अभिवृद्धि सम्बन्धी
१०१· कार्यक्रमलाई निरन्तरता दिई महिला सहकारी मार्फत भएका उत्पादनलाई व्यावसायिक बनाउँदै लगिनेछ ।
बढ्दो महिला तथा किशोरी हिंसालाई न्यूनिकरण गर्नका लागि **"किशोरी आत्मरक्षा"** तालिम सञ्चालन
१०२· गरिनेछ ।
ज्येष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिको संरक्षण गरिनेछ, फरक क्षमता भएका व्यक्तिको संरक्षण र
१०३ आत्मनिर्भरताका लागि सिपमा पहुँच वृद्धि गरिनेछ, फरक क्षमता भएका व्यक्तिले उत्पादन गरेका सामग्रीहरु
बजारीकरण गर्न गाँउपालिकाबाट सुनिश्चित गरिनेछ ।
**"बाल विवाह अन्त्य गरौं"** भन्ने मूल नाराका साथ जनप्रतिनिधीहरु र कर्मचारीहरु बालविवाहमा समावेश नहुने
१०४· नीति लिईनेछ । बालविवाह रोक्न बाल क्लब, प्रहरी, समुदाय तथा सरोकारवालाको सहयोग लिईनेछ ।
सामाजिक सुरक्षा भत्ता सहकारी तथा बैंक मार्फत टोल-टोलमा गई वितरण गर्ने नीति अवलम्बन गरिनेछ ।
१०५· आमा-बुवा, सासु-ससुरा स्याहार कार्यक्रमको लागि हरेक वडामा उत्कृष्ट संरक्षक सम्मान कार्यक्रमको नीति
१०६· लिईनेछ ।

१०७ लिंग पहिचानको आधारमा हुने भ्रुण हत्यालाई निरुत्साहित गर्ने खालका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१०८· गाउँपालिकाबाट सञ्चालन गरिने हरेक किसिमका कार्यक्रमहरुमा समावेशीकरणको नीति अवलम्वन गरिनेछ।

**पूर्वाधार विकास:**

**सडक, पुल र यातायात**

१०९· गाउँपालिकामा रहेका सडकहरुको वर्गीकरण गरी सडकको क्षेत्राधिकार तोक्नुका साथै सडकहरुमा आवश्यकता अनुसार कल्भर्ट, नाली व्यवस्थापन र स्तरोन्नतीका कार्यहरु गरिनेछ। गाउँपालिका भित्रका सडकहरुलाई क्रमश: कालोपत्रे र पक्की गर्दै लगिनेछ। मिलमिले-जरेखोला-चौवाह-मथुरा-गज्याङ-खर्ज्याङ-गर्वे-ढिकुरा खोला करीडोर सडकलाई छत्रदेव गौरवको आयोजनाको रुपमा अगाडी बढाइनेछ। उक्त सडक निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ।

११०· पूर्वाधार विकासमा नागरिकको अर्थपुर्ण सहभागितामा जोड दिइनेछ। आयोजना छनोट देखि कार्यान्वयन तथा तत् पश्चातको मर्मत सम्भारमा उपभोक्ताहरुलाई जिम्मेवार बनाउने पद्धति अवलम्बन गरिनेछ।

१११· संघीय सरकारसँग समपुरक अनुदानमा बरारुख-हेल्थपोष्ट-वडा कार्यालय-कुँवरका चौपारी सडक आगामी ३ वर्षभित्र पीच गरिनेछ। प्रदेश सरकारसँग समपुरक अनुदानमा गैरीपिपल-धरमपानी-गर्भे सडक यसै वर्ष स्तरोन्नती गरिनेछ। लाकुरीका रुख देखि छत्रदेव रंगशालासम्मको सडक स्तरोन्नती गरिनेछ।

११२· संघीय सरकार र प्रदेश सरकारको लगानीमा निर्माणाधिन सडकहरुको निर्माण कार्य समयमै सम्पन्न गर्न निर्माण व्यवसायी र संघ तथा प्रदेशका कार्यालयहरुसँग समन्वय गरिनेछ। अर्घातोष-चिदिपानी-मिलमिले-सल्लिकोट सडक, देउराली-चेक्मी सडक, चिदीपानी-भिरमुनी-ठूलापोखरा सडक, नेटा-भुस्कात-ढिकुरा-चोयकाटे-छत्रगञ्ज सडक, देउराली-ताराखसे-ढोबाट-मडेलचौर-छत्रगञ्ज सडक, धारा-दहनेटा-अर्घातोष सडक, चौवाह-बाझापोखरा-चौतारा सडक, चिउरीका रुख-छत्रदेव रंगशाला-शेरीखोला सडक, दोहोरा चौपारी-सिमिचौर-एअरपोर्ट सडक, मथुरा-मसाने-गैरीपिपल-धरमपानी-भैसीपोखरा-कठवा-सिमिचौर-एअरपोर्ट सडक, मथुरा-घर्तिडाँडा-गाँडसाल-फसिनचौर-सिमिचौर सडक, मथुरा-जावुनडाँडा-अमराइ-खहरे- खालापिपल-हाँडे- बेङ्दी सडक, मथुरा-मथुरडाँडा-मौलीपोखरा-अमराई-नेटा-धरमपानी-एअरपोर्ट सडक, भुडाँडा-पानखोला-सिमिचौर सडक, हुलाक-दुन्द्रक-खगडी सडक, बाँसपाटा-साँजबोट-सिसार-कुखुरेदेउराली सडक, डाँडापोखरा-बेङ्दी सडक, मथुरा-बेलाह-गज्याङ सडक, चिउरीकारुख-टाकटोला-मडकिना-बैलौतीखर्क-बरारुख सडक, मसानपूर्ने-धारीचौर-सामवोट-सिमिचौर सडक, चिहानडाँडा, अर्वुन-धारीचौर-सिमिचौर सडक, पाटी-झिरवास-राङवास सडक, सानोनेटी-पुच्छार-भट्टराइटोल खापा मुहान-गैरा चौपारी सडक, गैरा चौपारी- पिपलटारी सडक, गेदवास-कट्टी-कोलडाडा-खुर्सानीडाँडा-राङवास एअरपोर्ट सडक स्तरोन्नतीका लागि प्रदेश सरकारसँग समन्वय गरिनेछ।

११३ यस गाउँपालिका वडा नं. १ र पाणिनी गाउँपालिका वडा नं. ८ को बीचमा पर्ने सौर्य खोलाको काठेका घाटमा र यस गाउँपालिका वडा नं. ५ र रेसुङ्गा नगरपालिका वडा नं. १० को बीचमा पर्ने वगाहा खोलाको रैया भन्ने स्थान, यस गाउँपालिका वडा नं. ३ कार्कीडाँडा र वडा नं. १ मा पर्ने भुल्के खोलामा पक्की पुल निर्माणका लागि आवश्यक पहल गरिनेछ। आवश्यक ठाउँहरुमा झोलुङ्गे पुलहरुको निर्माणका लागि सहकार्य गरिनेछ।

**सिंचाइ तथा तटबन्ध**

११४. चौबाटार सिंचाइ आयोजनाको बाँकी काम सम्पन्न गर्न सरोकारवाला निकायसँग समन्वय र यस गाउँपालिकाको तर्फबाट आवश्यक सहजीकरण गरिनेछ । विभिन्न स्थानमा रहेका साना सिंचाइ कुलोहरुको निर्माण र मर्मत गरी उत्पादन वृद्धिमा जोड दिइनेछ । साना सिंचाइका लागि पैटा निर्माण तथा पोली टंकी वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

११५. सौर्य खोला, मधुराखोला, जरेखोला, सेरीखोला, खर्ज्याङ खोला, बगाहा खोला, बौवा खोला एवं जुम्ली कुलो बाँधमा भएका खोलाहरुबाट हुने कटान रोक्न तटबन्धको व्यवस्था गरिनेछ । माझकुलो डुमादी बगरमा सिंचाइ एव तटबन्धको व्यवस्था गरिनेछ ।

**भवन तथा वस्ती विकास**

११६. चालु आर्थिक वर्ष २०७९।८० देखि भवन निर्माण मापदण्ड लागु गरि प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

११७ गाउँपालिकाको मुख्य प्रशासनिक भवन चालु वर्षमा निर्माण सम्पन्न गरिनेछ । आवश्यकता अनुसार सामुदायिक भवनहरु निर्माण गरिनेछ ।

११८. गाउँपालिका भित्र रहेका सबै सरकारी भवनहरुको नियमित मर्मत सम्भारमा जोड दिइनेछ ।

११९. गाउँपालिका भित्र निर्माण हुने सरकारी भवनहरु अपाङ्गमैत्री, बालमैत्री र वातावरणमैत्री बनाइनेछ ।

१२०. छत्रदेव जनता आवास कार्यक्रम अर्न्तगत चालु वर्षमा थप घरहरुको निर्माण र अघिल्लो आ.व. मा निर्माण सम्पन्न घरहरुमा भूमिहिन तथा सुकुम्बासीहरुलाई आवासको व्यवस्थापन गरिनेछ ।

१२१. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको लगत संकलन र जग्गाधनी प्रमाण पुर्जा वितरण सम्मको कार्यमा राष्ट्रिय भूमि आयोगसँग सहकार्य र समन्वय गरिनेछ ।

**उर्जा**

१२२. विद्युत सेवाको गुणस्तर सुधारमा नेपाल विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ । विद्युत विस्तार एवं मर्मत सम्भारमा पालिकाको तर्फबाट समेत बजेट विनियोजन गरिनेछ ।

१२३ वैकल्पिक उर्जाको उपलब्धताका लागि वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँग सहकार्य गरी सडक सौर्य बत्ती तथा घरायसी सौर्य उर्जा प्रणाली जडान गरिनेछ ।

१२४. २० युनिटसम्म विद्युत उपयोग गर्ने छत्रदेववासी नागरिकको घरधुरीको विद्युत महशुल तथा सेवा शुल्क छुटको व्यवस्था गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१२५. गाउँपालिका अन्तर्गतका सबै घरधुरीहरुमा स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न **"एक घर, एक धारा"**को अभियानलाई निरन्तरता दिइनेछ ।

१२६. निर्माणाधिन लिफ्टिङ खानेपानी आयोजनाहरुको निर्माण सम्पन्न गरिनेछ । पुराना ग्राभीटी खानेपानी आयोजनाहरुको मर्मत सुधार गरिनेछ । लिफ्टिङ्ग खानेपानी आयोजनाहरुलाई सामुदायिक खानेपानी आयोजनामा रुपान्तरण गर्न उपभोक्ता समितिहरुलाई सहजीकरण गरिनेछ । लिफ्टिङ्ग खानेपानी आयोजनाहरुको विद्युत महशुलको ५० प्रतिशत रकम गाउँपालिकाबाट उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१२७ फोहोरमैला व्यवस्थापनका लागि डम्पिङ्ग साइट स्थापना गर्न सम्भाव्यता अध्ययन गरिनेछ। सार्वजनिक एवं निजी स्थानमा समेत जथाभावी फोहोर, कसिङ्गर फ्याँक्ने तथा आगो लगाउने प्रवृत्तीलाई निरुत्साहित गरिनेछ। फोहोर व्यवस्थापनका लागि वैज्ञानिक विधिको प्रयोग गरिनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**वन, वातावरण तथा विपद् व्यवस्थापन:**

१२८ विपद् र महामारीको पूर्व तयारी तथा प्रतिकार्यका लागि वडा स्तरमा पनि समिति गठन गरी क्रियाशिल बनाइनेछ। विपदबाट हुने क्षेतिको न्यूनिकरणका लागि भूक्षय, वाढीपहिरो, भूकम्प जस्ता प्राकृतिक विपत्तिको नक्शाङ्कन (Mapping) गरी पूर्व तयारीलाई जोड दिइनेछ। विपदको समयमा तत्काल उद्धार लागि Rapid Response Team लाई आवश्यक सामग्री सहित परिचालन गरिनेछ।

१२९. गाउँपालिका स्तरीय विपद् प्रतिकार्य योजनाको आवश्यक परिमार्जन सहित कार्यन्वयन गरी विपदको कारण हुन सक्ने धन जनको क्षतिलाई न्युनीकरण गरिनेछ।

१३०. **"एक सामुदायिक वन: एक वन उद्यम"** रणनीति अपनाइ लघु, साना तथा मझौला प्रकारका वन उद्यमको विकास गरी हरित रोजगारी सिर्जनामा जोड दिइनेछ।

१३१. जैविक विविधताको संरक्षण लगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरणमा ध्यान दिईनेछ। जल तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न मुहानहरुको संरक्षण, जलाधार क्षेत्रहरुको संरक्षणमा जोड दिईने छ।

१३२. विपदमा परेका नागरिकको उद्धार तथा राहतका लागि स्थापना गरिएको विपद व्यवस्थापन कोषलाई निरन्तरता दिंदै राहत तथा उद्धार कार्यलाई थप प्रभावकारी वनाइनेछ, विपदसँग जुध्न आवश्यक सामग्री तथा जनशक्तिको व्यवस्था गरिनेछ, विपद प्रतिकार्यका लागि सहयोगी संस्थाहरु, प्रदेश सरकार तथा संघीय सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

१३३. गाउँपालिका भित्रका सम्भावित भू-क्षय तथा कटान ग्रस्त क्षेत्रको नक्साङ्कन गरी भू-क्षय तथा कटान ग्रस्त क्षेत्रको संरक्षण गरी विपद न्यूनीकरणका लागि आवश्यक पहल गरिनेछ। वरेल्डाँडा पहिरो, वेतारी देउपुजे पहिरो, बाँझापोखरा पहिरो, थुम पहिरो,माइकाथान पहिरो, कृषि क्याम्पस पहिरो, दुन्द्रुक खुर्सानीबारी पहिरो, चोरझुण्डा पहिरो, मसानपूर्ने पहिरो, नियन्त्रण, नेटी पहिरो, पुरुवा खोला पहिरो, झिल्के पोखरा पहिरो, टाकुरी-काउले पहिरो, मडेलचौर गोहड पहिरो, विसौना पहिरो, चिदीपानी बरारुख पहिरो, चेक्मी पहिरो नियन्त्रण तथा चिदीखोला-लामिडाँडा-गैरा वस्ती संरक्षण, भ्वाग भल व्यवस्थापनका लागि प्रदेश सरकार तथा संघीय सरकार संग आवश्यक समन्वय तथा सहकार्य गरिनेछ। भू-क्षयको जोखिमलाई कम गर्न गाउँपालिका क्षेत्रभित्र हुने निर्माण कार्यमा हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गर्ने तथा बायो इन्जिनियरिङ गर्ने नीति लिइनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु ,**

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन:**

१३४. जनतालाई उपलब्ध गराउने सेवा प्रभावकारी हुन नसकेमा जनताले सकारात्मक परिवर्तनको अनुभूति गर्न नसक्ने भएकोले आम जनतालाई परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउन र सुशासन कायम गर्न सार्वजनिक सेवा प्रवाहको प्रभावकारी अवलम्बन गरिनेछ।

१३५· सार्वजनिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरिनेछ। आर्थिक अनुशासन, खर्चमा मितव्ययिता, भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनमा विशेष जोड दिईनेछ।

१३६· आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईनेछ। सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ। वित्तीय अनुशासनलाई कडाईका साथ पालना गरिनेछ।

१३७ नवनिर्वाचित जनप्रतिनिधि तथा जनशक्तिको क्षमता विकासको लागि तालिम तथा प्रशिक्षणका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

१३८· कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको मनोबल उच्च राखी काममा अभिप्रेरित गर्न कर्मचारी सम्मान तथा प्रोत्साहनका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१३९· शासन प्रणाली प्रति सार्वभौम जनताको सहभागिता तथा स्वामित्व अभिवृद्धि होस भन्ने मुख्य उद्देश्यले सूचना तथा संचार प्रविधि (आइसीटी) को प्रयोगमा जोड दिइनेछ।

१४०· जनप्रतिनिधि र कर्मचारीको उत्तरदायित्व तथा जवाफदेहिता निर्वाहलाई प्रभावकारी बनाउन नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, घुम्ती सेवा, विद्युतीय शासन जस्ता सार्वजनिक सेवा प्रवाहका नविनतम् आयामहरुलाई अधिकतम प्रयोगमा ल्याईनेछ।

१४१· सहभागितामूलक योजना निर्माण तथा विकासको अभ्यासमा जोड दिईनेछ।

१४२· सूचनाको हक सम्बन्धी कानुन बमोजिम नागरिकलाई सार्वजनिक सरोकारको सूचना माग्ने र पाउने हक सुनिश्चित गरिनेछ। सूचनाको हकको प्रत्याभूति गर्न गराउनका लागि कार्य प्रगति समेटी त्रैमासिक रुपमा ई-बुलेटिन प्रकाशन गरिनेछ।

१४३· सेवाग्राही सन्तुष्टि सर्भेक्षणको कार्य थप व्यवस्थित र प्रभावकारी कार्यान्वयन गरिनेछ।

१४४· जनताका गुनासो व्यवस्थापनको लागि उजुरी पेटिका राख्ने, गुनासो सुन्ने अधिकारी तोक्नुको साथै **हेलो छत्रदेव गाउँपालिका** कार्यक्रम समेत सञ्चालनमा ल्याइनेछ।

१४५· विभिन्न समयमा एकीकृत तथा घुम्ती सेवा प्रवाह कार्यक्रम सञ्चालन गरी जनताका आधारभूत सेवाहरु जनताको घर आँगनमा नै पुर्‍याई **सेवाको वरिपरि जनता होईन जनताको वरिपरि सेवा**को अवधारणालाई आत्मसाथ गरिनेछ।

१४६· सामाजिक सुरक्षा र व्यक्तिगत घटना दर्ता प्रणालीलाई सुदृढीकरण गरिनेछ।

१४७ अडियो नागरिक वडापत्रको शुरुवात गरिनेछ। गाउँ कार्यपालिकाको कार्यालयमा डिजिटल वडापत्र कार्यान्वयनमा ल्याइनेछ।

१४८· गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन गर्ने, गाउँपालिकाका सूचनाहरु वेवसाइट, सूचना पाटी, स्थानीय एफ.एम. तथा टेलिभिजनबाट सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ। सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नामावली यस गाउँपालिकाको वेवसाइट र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्ने कार्यलाई निरन्तरता दिइनेछ। स्थानीय राजपत्र प्रकाशनलाई निरन्तरता दिइनेछ।

१४९· संघ, प्रदेश र अन्य स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न उपयुक्त कार्यक्रमहरु सञ्चालन गरिने छ। अनुभवहरु आदान प्रदानको लागि अन्य स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गर्ने प्रकृया अगाडि बढाइनेछ।

१५०. जन प्रतिनिधि, कर्मचारी तथा सेवाग्राहीहरुको ज्ञानको दायरालाई फराकिलो पार्न गाउँ कार्यपालिकाको कार्यालयमा एक व्यवस्थित पुस्तकालय स्थापना गरिनेछ ।

**तथ्याङ्क अभिलेख**

१५१. संवैधानिक व्यवस्था र अधिकारको व्याख्या अनुसार गाउँपालिकाको तथ्याङ्क सहितको वस्तुस्थिती विवरण तयार गर्न आधारभूत तथ्याङ्क, संभाव्य प्राकृतिक, भौतिक र साँस्कृतिक स्रोत साधनको तथ्याङ्कीय अभिलेख, सूचना तथा प्रविधियुक्त तथ्याङ्क संकलन र प्रशोधन गरी गाउँपालिकाको वस्तुगत विवरण अद्यावधिक गरिनेछ ।

१५२. गाउँपालिकाको अभिलेख प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।

**सार्वजनिक सम्पत्ति संरक्षणः**

१५३ गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तिको अभिलेखीकरण गरी त्यसको संरक्षण गरिनेछ ।

१५४. सार्वजनिक भूमिको लगत तयार गरी अभिलेखीकरण गरिनेछ ।

**सूचना प्रविधिः**

१५५. गाउँपालिका भित्रका वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालयमा सञ्चालनमा रहेका विद्युतीय हाजिरी प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

१५६. गाउँपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रमको वित्तीय जोखिम न्यूनीकरणको लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन वार्षिक खरिद योजना बनाई E-Bidding लाई प्रभावकारी रुपमा सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१५७ राजश्व व्यवस्थापन प्रणाली तथा योजना व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवेयरहरु यसै वर्षदेखि सञ्चालनमा ल्याईनेछ ।

१५८. गाउँपालिकामा एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने साथै गाउँपालिका भित्र रहेका प्रत्येक घर परिवारको पूर्ण लगत राख्ने कार्य गरिनेछ । गाउँपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिँदै पछिल्लो अत्याधुनिक प्रविधि अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

१५९. सार्वजनिक सेवा र विकासका विविध आयामका बारेमा निरन्तर जानकारी एवम् सचेतना प्रवर्द्धन गर्न विद्युतीय विकास तथा संचारमैत्री सरकारको अवधारणा अवलम्वन गर्ने नीति लिईनेछ ।

१६०. डिजिटल छत्रदेव बनाउने अभियानलाई अगाडी बढाउन गाउँपालिकाका कामकारवाहीलाई सूचना प्रविधिसँग जोडी सेवा प्रवाहलाई पारदर्शी र प्रभावकारी बनाइनेछ ।

१६१. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुका लागि आवश्यक एकिकृत सफ्टवेयरको व्यवस्थापन गरी उचित कार्य वातावरणको सिर्जना गरिनेछ । कर्मचारीको ज्ञान, सीप र क्षमता अभिवृद्धिको लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१६२ संस्थागत स्वमूल्याङ्कन र वित्तीय सुशासन मूल्याङ्कन गरी कमजोर र सबल पक्षको पहिचान गरी कार्ययोजना निर्माण र कार्यान्वयन गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।



CamScanner

**न्यायिक निरुपण:**

१६३ न्याय क्षेत्रको कामलाई थप व्यवस्थित छिटो-छरितो र विश्वसनीय बनाउन न्यायिक समिति तथा मेलमिलाप समितिको तालिम र क्षमता अभिवृद्धि गरी न्याय सम्पादनको कार्यलाई थप प्रभावकारी बनाईनेछ।

१६४. वडा स्तरबाट समाधान हुन नसकेका विवादहरुलाई गाउँस्तरीय मेलमिलाप तथा सहजीकरण समिति मार्फत मेलमिलाप गराईने छ। मेलमिलाप तथा सहजीकरण समिति मार्फत समाधान हुन नसकेका विवादहरु न्यायिक समिति मार्फत न्याय निरुपण गरिने छ। न्यायमा सहज पहुँचको वातावरण बनाइनेछ।

१६५. न्यायिक समितिमा दर्ता भएका विवादहरु कानूनले तोकेको म्याद भित्र निरुपण गरिनेछ।

**उपस्थित सभाका सदस्यज्यूहरु,**

**श्रोत परिचालन**

१६६. प्रगतिशील कर प्रणालीको विकास गरी सबैलाई करको दायरामा समेटिनेछ।

१६७ कानून बमोजिम तोकिएका कर, राजश्व, रोयल्टी, बिक्रि तथा निकासी र राजश्व चुहावट नियन्त्रणलाई प्रभावकारी गराइनेछ। राजश्व असुलीमा सफ्टवेयरको प्रयोग गरिनेछ।

१६८. छत्रदेव गाउँपालिकाको राजश्व सुधार कार्ययोजना (२०७९/८० -२०८१/२०८२) लागू गरिनेछ।

१६९. नदीजन्य पदार्थको सदुपयोग तथा दीगो व्यवस्थापनमा जोड दिइनेछ।

१७०. गाउँपालिकामा प्राप्त अनुदान तथा राजश्वलाई प्राथमिकताका आधारमा योजना तथा कार्यक्रमहरुमा खर्च गरी स्रोतको उच्चतम उपयोगबाट वाञ्छित उपलब्धी हासिल गरिनेछ।

**सभाका सदस्यज्यूहरु,**

१७१. आ.व. २०७९/८० को यस नीति तथा कार्यक्रमले समुन्नत छत्रदेवको आकाङ्क्षालाई पूर्ण रुपमा आत्मसात् गरेको छ। गाउँपालिकाको पहिलो स्थानीय सरकारले तयार गरेको आधारमा टेकेर छत्रदेव गाउँपालिकालाई समृद्ध, समुन्नत, गतिशिल र न्यायपूर्ण बनाउँदै हरेक क्षेत्रमा उत्कृष्ट र उदाहरणीय गाउँपालिकाको रुपमा अगाडी बढाईनेछ। नागरिकको हित, कल्याण, सुख, समृद्धि, स्वास्थ्य तथा असल जीवन प्रणालीको विकासका लागि छत्रदेव गाउँपालिका सदैव संकल्पित रहनेछ।

१७२. अघिल्लो ५ वर्षको सरकारको अवधीमा छत्रदेव गाउँपालिकाले देशको पहिलो खरको छानामुक्त गाउँपालिकाको पहिचान बनाएको छ। उक्त अवधीमा वडा नं. २, ३, ५ र ६ को वडा कार्यालय भवन, चिदिका स्वास्थ्य चौकी भवन, भगवती स्वास्थ्य चौकी भवन, छत्रगञ्ज स्वास्थ्य चौकी भवन, दुन्दुक आधारभूत स्वास्थ्य केन्द्र भवन, ठुलापोखरा स्वास्थ्य चौकी भवन, चौवाह सामुदायिक स्वास्थ्य इकाइ भवन, नेटी सामुदायिक स्वास्थ्य इकाइ भवन, जनजागृती आधारभूत विद्यालय भवन, भगवती आधारभूत विद्यालय भवन, काभ्रे बाल विकास केन्द्र भवन, धारीचौर बाल विकास केन्द्र भवन, कृष्ण आधारभूत विद्यालय भवन, सार्वजनिक माध्यमिक विद्यालयमा सभाहल, ने.रा. मा.वि. सभाहल तथा विभिन्न विद्यालयहरुमा शौचालय, खानेपानी तथा तारबार गर्ने कार्य सम्पन्न भएका छन। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम तथा राष्ट्रिय पुन:निर्माण प्राधिकरणको सहयोगमा विद्यालयका कक्षा कोठा, शौचालय तथा ICT व्यवस्थापन भएको छ। गाउँपालिकाको मुख्य

प्रशासकीय भवन निर्माण सम्पन्नको चरणमा छ भने बल्कोट आधारभूत अस्पतालको भवन निर्माणाधीन अवस्थामा छ । बल्कोट केरुङगा खानेपानी, उपल्ला टिकुरी खानेपानी, छत्रगञ्ज मडेलचौर खानेपानी, अर्घातोष ४ र ५ खानेपानी लगायत विभिन्न खानेपानी आयोजनाहरुको निर्माण तथा मर्मत सम्भार गरिएको छ। छत्रदेवालय लगायत सम्पूर्ण मन्दिर र मस्जिदहरुको निर्माण तथा मर्मत सम्भार, बल्कोट पौवाको मर्मत, छत्रदेव रंगशाला निर्माण, छत्रदेव जनता आवास कार्यक्रम, सडक सौर्य बत्ती कार्यक्रम, दलित घर उज्यालो कार्यक्रम, सीपमुलक कार्यक्रम, आय आर्जन वृद्धिका कार्यक्रमहरु, विद्यालय शिक्षा र स्वास्थ्य सेवाको सुधार पनि गर्व गर्न लायक छन् । यीनै उपलब्धीहरुको जगमा टेकेर समृद्ध छत्रदेव बनाउने हाम्रो दीर्घकालीन सोंच र आकाङ्क्षा यथार्थमा परिणत हुनेछ ।

१७३ प्रस्तुत नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट छत्रदेवको विकासमा सकारात्मक प्रभाव पर्ने र **छत्रदेवको शानः सुन्दर, शान्त, समृद्ध गाउँपालिका हाम्रो अभियान**को लक्ष्य पूरा गर्न सहयोग पुग्नेछ भन्ने आशा लिएको छु। आगामी दिनमा समेत हाम्रो स्थानीय सरकार सदा छत्रदेववासी आम नागरिकको मुहारमा खुशी ल्याउन अहोरात्र खट्ने दृढता समेत व्यक्त गर्दछु ।

१७४. स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा यो नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण छत्रदेववासीहरु आमा/बुबा/दाजु/भाइ/दिदी/बहिनी एवं अर्घाखाँची स्थित अमूल्य राय सुझाव प्रदान गर्नु हुने अन्य स्थानीय सरकार, स्थानीय प्रशासन, पूर्व जनप्रतिनिधि, राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, आम संचार माध्यम, सुरक्षा निकाय एवं विभिन्न तह र तप्काका महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति र कार्यक्रमको सफल कार्यान्वयनको लागि सबै पक्षबाट सहयोगको अपेक्षा राख्दछु ।

**जय छत्रदेव !**

छत्रदेव गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छत्रगञ्ज, अर्घाखाँची लुम्बिनी प्रदेश, नेपाल

चन्द्रमान श्रेष्ठ
अध्यक्ष

**चन्द्रमान श्रेष्ठ**
**अध्यक्ष**
**छत्रदेव गाउँपालिका**
**छत्रगञ्ज, अर्घाखाँची**
**लुम्बिनी प्रदेश , नेपाल**

**मितिः २०७९/०५/०५ गते, आइतबार**